बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं: २०८२/०८३
च.नं.: 3059

मिति: २०८३/०१/१५

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना ।

श्री यो जो जससँग सम्बन्धित छ ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला बर्दघाट नगरपालिकाअन्तर्गत श्री आम्बास प्राथमिक विद्यालयमा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.६१, मिति २०८३/०१/०८ को पत्रबाट अनुरोध भई आएकाले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमतिसहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका,२०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

डिल्लीराम ढुंगाना
शिक्षा अधिकृत

डिल्लीराम ढुङ्गाना
शिक्षा अधिकृत

पुनश्च:

२. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना aambasprimaryschool@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिने छ ।

२. म्याद नाघी वा तोकिएबमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदनमाथि कुनै कारबाही हुने छैन ।

बोधार्थ:

श्री शिक्षा विकास तथा समन्वय इकाइ, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)।

श्री आम्बास प्राथमिक विद्यालय, बर्दघाट-२।

श्री सूचना प्रविधि शाखा, कार्यालयको वेबसाइट तथा फेसबुक पेजमार्फत् सार्वजनिक गरिदिनुहुन ।